Reg No. 133322/071/072
Pan / VAT No. 602483993

# SMART CARD NEPAL PVT.LTD

(नेपाल राष्ट्र बैंकबाट "भुक्तानी सेवा प्रदायक" को कार्य गर्न अनुमति पत्र प्राप्त संस्था)

मिति : २०८०/०३/२८

**श्रीमान् प्रमुख ज्यू**
**गाउँपालिकाको कार्यलय**

**विषय:** कक्षा ११ पढ्ने विद्यार्थीको लागि छात्रवृत्ती सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा, यस स्मार्ट कार्ड नेपाल प्रा. लि. ले माई पे नामक डिजिटल वालेट संचालन गरेको यहाँमा सहर्ष जानकारी गराउँदछौं ।

यसै वालेट मार्फत, सामाजिक उत्तरदायित्वका रुपमा यस वर्ष एसइइ उत्तीर्ण गरी कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुलाई लक्षित गरी रु ७ लाखसम्मको छात्रवृत्ति योजना सार्वजनिक गरेको जानकारी गराउँदछौं । यस सम्बन्धी विस्तृत जानकारी माई पे को वेबसाइट **www.mypay.com.np** मा राखिएको छ । त्यसैले यस कार्यकमलाई यस कार्यलय अन्तर्गतका भर्खरै एसइइ परिक्षा सम्पन्न विद्यालयहरुसम्म पुर्‍याईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**छात्रवृत्तीका लागि फारम भर्ने तरीका:**

१) Play store वा App store बाट MyPay App डाउनलोड गर्नुहोस् ।
२) MyPay App खोल्नुहोस् Register/Login गर्नुहोस् ।
३) Dashboard मा रहेको 'SEE Scholarship' मा ट्याप गर्नुहोस् ।
४) सोधिएको विवरणहरूका साथ आवेदन फारम भर्नुहोस् ।
५) कागजातहरूको सहि भए नभएको सुनिश्चित गर्न आवेदन फारम पुनः जाँच गर्नुहोस् ।
६) रू १० शुल्क तिरी छात्रवृत्तिको आवेदन पुरा गर्नुहोस् ।
७) आफ्नो छात्रवृत्ति आवेदनको थप प्रक्रियाको लागि 'Submit' बटनमा क्लिक गर्नुहोस् ।

**छनौट प्रकृया**

१) माथि भनिएअनुसार फारम पुर्ण रुपमा भरिएको हुनुपर्नेछ ।
२) छनौट गर्दा, दुर्गम, पिछडिएको क्षेत्र, दलित, जनजाती, ग्रामीण भेगका विद्यार्थीलाई प्राथमिकता दिइने छ ।
३) छात्रा विद्यार्थीलाई प्राथमिकता दिई ४० प्रतिशत छात्रा छनौट गरिनेछ ।
४) प्रत्येक प्रदेशबाट आएको आवेदनको अनुपातमा छात्रावृत्ती दिने विद्यार्थी संख्या तयार पारिने छ ।
५) फारम भरिएका विद्यार्थीहरु मध्ये पहिलो चरणमा २०० जना छनौट गरिने छ, त्यसबाट अतिआवश्यक १०० जना छनौट गरी छात्रवृत्ती प्रदान गरिने छ ।
६) छनौट प्रकृया विज्ञको सल्लाह बमोजिम परिवर्नत हुन सक्नेछ ।

01-5907481/2
16600162000
info@mypay.com.np
https://mypay.com.np
Chhaya Devi Bhawan, 3rd Floor,
Radhe Radhe, Bhaktpaur

**पुनश्च: यसै इमेलसँग रहेको सूचनालाई यहाँको मातहतका विद्यालयहरुको आधिकारीक समाजिक संजाल पोस्ट गरि धेरै विद्यार्थीमाझ पुऱ्याईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

सहयोगका लागि धन्यवाद ।

**भवदीय**

SMART CARD NEPAL
SMART CARD
ESTD-2071
Bhaktapur, Nepal

रोशन सिग्देल

प्रमुख: व्यापार तथा बजार व्यावस्थापक

स्मार्ट कार्ड नेपाल प्रा. लि.